स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री बेनिशा हमालले नाटक 'सेतो धरती' बाट रंगमञ्चमा डेब्यू गर्ने भएकी छन्। कान्तिपुर फिल्म एकेडेमीले मञ्चन गर्न लागेको नाटकमा उनी शीर्ष पात्र ताराको रोलमा देखिने भएकी हुन्। अमर न्यौपानेद्वारा लिखित मदन पुरस्कार विजेता उपन्यास 'सेतो धरती' लाई एकेडेमीले नाटकको रुपमा मञ्चन गर्न लागेको हो।

**आजको विचार...**



मेघनाथ दाहाल

नयाँ... (दुई पेजमा)



निखिल उप्रेती, निशा अधिकारी र वर्षा सिवाकोटीको शीर्ष भूमिका रहेको फिल्म 'कस्तुरी' को छायांकन टुंगिएको छ। छायांकन सुरु भएको ३५ दिनमा इन्ड-क्ल्याप भएको जनाइएको छ। निर्देशक ऋत बोहोराले गाउँका केही दृश्य र गीतबाहेकको फिल्म छायांकन सकिएको जनाए। काठमाडौं आसपासमा खिचिएको फिल्ममा रहस्य र अपराधका कथावस्तु समेटिएको छ। यो फिल्ममा 'मिसन पैसा' जोडी निखिल र निशालाई पनि देख्न सकिन्छ। डेढ दशकपछि यी दुईजना कलाकार एकसाथ पर्दामा देखिन लागेका हुन्।

❐ वर्ष ३१ ❐ अंक २३५ ❐ २०८२ चैत १० गते मंगलबार 24 March 2026, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# नयाँ संसद् भवनमा सबै सांसदलाई बेग्लाबेग्लै 'चेम्बर'

रासस

**काठमाडौं,** चैत ९/संघीय संसद् सचिवालय नवनिर्वाचित प्रतिनिधिसभा सदस्यको पद तथा गोपनीयताको शपथ व्यवस्थापनको तयारीमा जुटिरहेको छ । सोही सन्दर्भमा सचिवालयले यही चैत ५ गते सूचनामार्फत निर्वाचित सांसदहरुलाई शपथ कार्यक्रममा सहभागी हुन आह्वान गरिसकेको छ ।

यही चैत १२ गते अपराह्न २ बजे शपथ समारोहको आयोजना गरिएको छ । निर्धारित समयभन्दा दुई घण्टाअगावै औपचारिक वा आफ्नो सांस्कृतिक पहिचानको पोसाकमा उपस्थितिका लागि सचिवालयको अनुरोध छ । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रतिनिधिसभाका ज्येष्ठ सदस्य ७८ वर्षीय अर्जुननरसिंह केसीले यही चैत ११ गते राष्ट्रपति भवन शीतल निवासमा शपथ लिनेछन् । त्यसपछि यही चैत १२ गते निर्वाचित प्रतिनिधिसभा सदस्यलाई ज्येष्ठ सदस्य केसीले शपथ दिलाउनेछन् । नेपालको



संविधानको धारा, ८८ मा 'संघीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि संघीय कानुनबमोजिम शपथ लिनुपर्ने' व्यवस्था छ । संविधानको धारा, ९१ (५) मा प्रतिनिधिसभाको सभामुख र उपसभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रतिनिधिसभाको बैठकको अध्यक्षता उपस्थित सदस्यमध्ये उमेरका हिसाबले ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ । शपथ समारोहपछि नवनिर्वाचित सदस्यलाई प्रतिनिधिसभा सदस्यको प्रतीक चिह्न (लोगो), संविधान, संसद् नियमावली, संघीय संसद्का पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधासम्बन्धी सँगालोसहितका सामग्री उपलब्ध गराइनेछ । सचिवालयका प्रवक्ता एकराम गिरिले नवनिर्वाचित सांसदको शपथको आवश्यक व्यवस्थापनतर्फ सचिवालय लागिरहेको जानकारी दिए । उनले भने, "सिंहदरबारस्थित निर्माणाधीन संघीय संसद् भवनको बहुउद्देश्यीय हलमा सांसदहरुको शपथ र अधिवेशनका प्रारम्भिक बैठक गर्ने तयारी भइरहेको छ ।"

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### काबुलमा विद्यालय खोल्न अपिल

(रासस/एएनआई)

**काबुल,** चैत ९/अफगानिस्तानको राजधानी काबुलमा महिला विद्यार्थीहरूले इस्लामिक इमिरेट्सको प्रतिबन्ध अन्तर्गत बन्द रहेका विद्यालय र शैक्षिक संस्थाहरू पुन: खोल्नका लागि अपिल गरेका छन् । उनीहरुले अधिकारीहरूलाई वालिकाहरुलाई आफ्नो शिक्षा पुन: सुरु गर्न अनुमति दिन आग्रह गर्दै विद्यालय तथा शैक्षिक संस्थाहरु खोल्न र शिक्षाको अवसर दिन अनुरोध गरेका हुन । विद्यालय जाने अवसरको अभावले आफ्नो भविष्य खतरामा परेको भन्दै उनीहरूले शैक्षिक सुविधाहरू निरन्तर बन्द भएकोमा गहिरो निराशा व्यक्त गरेका छन् । पछिल्लो समयमा अफगानिस्तानमा वालिकाहरूको शिक्षामा लगाइएको प्रतिबन्धले अन्तर्राष्ट्रिय निकायको ध्यान खिचेको र मानव अधिकार सङ्गठनहरूले चर्को आलोचना गरी रहेको समयमा उनीहरूको यस्तो आग्रह आएको हो । महिला अधिकारकर्मीहरूले पनि यो परिस्थितिलाई मौलिक अधिकारको उल्लैनको रूपमा वर्णन गर्दै अफगान जनताको हितको लागि विद्यालय र विश्वविद्यालयका ढोका सकेसम्म चाँडो खोल्नुपर्ने बताएका छन् । अफगानिस्तानमा राजनीतिक परिवर्तन पछि, वालिकाहरूको शिक्षामा व्यापक प्रतिबन्ध लगाइएको थियो, जसका कारण धेरैका लागि विद्यालय र विश्वविद्यालयहरूको ढोका बन्द रह्यो ।

## नदीमा बेपत्ता भएका किशोर मृत फेला



**तानसेन,** चैत ९/ पौडी खेल्ने क्रममा तिनाउ नदीमा बेपत्ता भएका दुई जना भारतीय किशोरमध्ये एक जनाको शव फेला परेको छ ।

आइतबार दिउँशो तिनाउ-३, स्थित ड्याम साइडको तिनाउ नदीमा पौडी खेल्ने क्रममा बेपत्ता भएका भारत मेघालय ठाकुरद्वार नगर पञ्चायत वडा १८ बस्ने १७ वर्षका अमान अन्सारी मृत फेला परेका हुन् । अन्सारी पौडी खेलेको स्थानदेखि एक सय मिटर तल सोमबार मृत फेला परेको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी होमप्रकाश चौधरीले जानकारी दिए । पौडी खेल्ने क्रममा बेपत्ता भएका अर्का किशोर फहरान अन्सारीको खोजी कार्य भइरहेको चौधरीले बताए ।

खोजी कार्यमा प्रहरी, स्थानीय बासिन्दा, शसत्र प्रहरी लगायत खटेका छन् । भारतबाट नेपाल घुम्न आएका सात जना तिनाउ नदीमा पौडी खेलेका थिए । तीमध्ये दुई जना नदीमा बेपत्ता भएका थिए ।

## राम्दीस्थित वृद्धाआश्रममा रोटरी क्लबद्वारा नि:शुल्क स्वास्थ्य शिविर

मन गहिरे

**पाल्पा,** चैत ९/रोटरी क्लब अफ पाल्पा लुम्बिनीको आयोजनामा शनिबार गल्याङ नगरपालिका वडा नं १ राम्दी धामको शिव पार्वती बृद्धआश्रममा निशुल्क स्वास्थ्य परिक्षण शिविर भएको छ । शिव पार्वती आश्रमका २६ जना आमाबुवाको स्वास्थ्य जाँच गरी आवश्यक औषधि प्रदान गरिएको थियो ।

आश्रमका वृद्ध वृद्धालाई आबस्यक सामाग्री उपहार प्रदान गर्नुका साथै खाना खुवाउने कार्यक्रम भएको छ। कार्यक्रममा बोल्दै गल्याङ नगर पालिका प्रमुख गुरुप्रसाद भट्टराईले सामाजिक कार्यमा आबद्ध रोटरी क्लब पाल्पा लुम्बिनीले स्याङ्जा जिल्लामा पर्ने यस राम्दीमा रहेको वृद्धाश्रममा आएर पुण्यको काम गरेकोमा क्लबलाई धन्यवाद दिदै शुभकामना व्यक्त गरे ।



चार्टर प्रेसिडेन्ट गोपालबहादुर पोखरेलले लुम्बिनी मेडिकल कलेजको स्थापना संगै मानव सेवाको भाव लिएर स्थापना भएको रोटरी क्लब पाल्पा लुम्बिनीले विगतका दिनहरूदेखि नै समाजसेवा गर्दै आएको छ । आगामी दिनमा पनि यस किसिमका कार्यक्रमहरुलाई निरन्तरता दिँदै जानेछ भन्ने बिश्वास लिएको बताउदै आफुले गरेको कमाइको केहि अंश भएपनि मानव सेवामा लगाउनु सबैभन्दा ठुलो पुन्य भएको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विश्व क्षयरोग दिवस र नेपालको अवस्था

हरेक वर्ष मार्च २४ मा मनाइने विश्व क्षयरोग दिवस ले मानव स्वास्थ्यका लागि गम्भीर चुनौती बनेको क्षयरोग (टीबी) विरुद्ध सचेतना फैलाउने अवसर प्रदान गर्दछ । विश्व स्वास्थ्य संगठन का अनुसार, क्षयरोग अझै पनि विश्वका धेरै देशहरूमा मृत्युको प्रमुख कारणमध्ये एक हो । नेपालजस्तो विकासोन्मुख देशमा यसको प्रभाव अझै गहिरो रूपमा देखिन्छ ।

नेपालमा क्षयरोग नियन्त्रणका लागि सरकारी तथा गैरसरकारी स्तरबाट विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन्। राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रममार्फत निःशुल्क परीक्षण र औषधि उपलब्ध गराइए पनि रोगको पूर्ण नियन्त्रण भने अझै चुनौतीपूर्ण छ । विशेषगरी दुर्गम क्षेत्रहरूमा स्वास्थ्य सेवाको पहुँच अभाव, गरिबी, कुपोषण तथा जनचेतनाको कमीले गर्दा रोग समयमै पहिचान हुन सक्दैन । यसले संक्रमणलाई थप फैलाउने जोखिम बढाउँछ ।

विश्व क्षयरोग दिवस केवल औपचारिकता नभई रोग उन्मूलनको प्रतिबद्धता दोहोर्याउने दिन हो । नेपालले “टीबी मुक्त देश” बन्ने लक्ष्य हासिल गर्न सरकारी प्रयाससँगै नागरिक सचेतना, दिगो लगानी र प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिनु आवश्यक छ । शहरी क्षेत्रमा समेत भीडभाड, प्रदूषण र अस्वस्थ जीवनशैलीले क्षयरोग फैलिन सहयोग पुर्‍याइरहेका छन् । श्रमिक वर्ग, आप्रवासी कामदार तथा कमजोर प्रतिरक्षा प्रणाली भएका व्यक्तिहरू बढी जोखिममा छन् । यस्ता समूहलाई लक्षित गरेर विशेष कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो । यस समस्याको समाधानका लागि सरकार मात्र नभई सम्पूर्ण समाजको सक्रिय सहभागिता अपरिहार्य छ । नियमित स्वास्थ्य परीक्षण, खोक्दा वा हाच्छ्युँ गर्दा सावधानी अपनाउने, पोषणयुक्त आहार सेवन गर्ने र रोग लुकाउने प्रवृत्ति त्याग्ने जस्ता व्यवहारले क्षयरोग नियन्त्रणमा महत्त्वपूर्ण योगदान पुर्‍याउन सक्छन् । साथै, सञ्चार माध्यममार्फत प्रभावकारी जनचेतना अभियान सञ्चालन गर्नु पनि उत्तिकै आवश्यक छ ।

### Opinion @ Social Network

आफ्नो यात्रामा अघि बढ्न आफै बलियो हुनुपर्छ
हर-एकको साथ गन्तव्य सम्म असम्भव छ ।
*(माधव खड्काको फेसबुक स्टाटसबाट www.facebook.com/Madhav.Khadka)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नयाँ दल किन निर्वाचित भए ?



## मेघनाथ दाहाल

*समाजको तल्लो तहको घरपरिवारको सदस्य विदेश नगएको कोही बाँकी थिएन । समाजमा युवाहरूको उपस्थिति टिठलाग्दो छ । रोजगारीको अभावमा, भारतीय बजारमा सस्तो श्रम बेच्नुपर्ने, बाध्यतावस अध्ययन वा अन्य बाहनाले विदेशतिरको यात्रा लगभग अनिवार्य जस्तो भइसकेको थियो । नेपाल जस्तो मुलुकको हकमा वैदेशिक रोजगारको बाध्यतालाई पनि स्वीकार गरिन्छ तर निश्चित समयपछि कम हुनुपर्नेमा बिस्तार हुँदैगएको छ । यसले आमसर्वसाधारणमा नैरास्य जगाएको थियो । जनताको हकमा नेपालमै बसेर केही गर्न नसकिने हो त भन्ने भयो ।*

आवधिक निर्वाचन प्रजातान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड हो । विद्यमान प्रजातान्त्रिक पद्धतिको संस्थागत गर्ने विषयमा समयानुकूल परिमार्जन तथा नयाँ परिपाटीहरूको विकास गराउँदै जाने गर्छ । समाजको गतिशीलतालाई राजनीतिले सम्बोधन गर्न सक्नुपर्दछ । यसले जनताको मनोभावनाको साथमा भौतिक इच्छाकांक्षाहरूको समयानुकूल सुदृढीकरण गर्दै जान्छ । जनताको हितमा गरिने कामले जनताकै माध्यमद्वारा स्थापित मूल्यमान्यतामा नयाँपनको खोजी समय-समयमा समाज आफैंले गर्दै आएको छ । निर्वाचनको अन्तिम परिणामपछि रास्वपा र श्रमसंस्कृति पार्टीले प्राप्त गरेको म्यान्डेट, छोटो समयभित्रै पाएको जनसमर्थनमा केही आन्तरिक र बाह्य मनोगतले भूमिका खेलेको पाइयो । आन्तरिक रूपमा नेपालका पुराना दलहरू नेपाली कांग्रेस, एमाले र २०६३ सालपछि शान्तिपूर्ण राजनीतिमा आएको माओवादी तर हालको नेकपाको अवस्था टिठलाग्दो देखिनुमा रास्वपा र अन्य नयाँ दल नभएर स्वयं यिनीहरू दोषी देखिन्छन् । नेपाली कांग्रेसलाई २०४८, २०५६ मा स्पष्ट बहुमतसहित सरकार चलाउने म्यान्डेट दिइएको थियो । एमालेलाई २०५१ सालमा सबैभन्दा ठूलो दल बनाएर संसद्मा पठाएका थिए तर विडम्बना निर्वाचनमा जनताको म्यान्डेटका दलहरूले उचित न्याय गरेनन् ।

आन्तरिक गुटउपगुटको जात्रा, नेतृत्वको जुँगाको लडाइँ, कार्यकर्ताहरूको अतिमहत्वकांक्षा, अति राजनीतीकरण, संस्थाहरूको अधोगतिलगायत आन्तरिक र बाह्य कारणले पुराना दलहरू यसपालिको निर्वाचनमा धराशायी हुनपुगे । साथमा नयाँ दलहरू खासमा रास्वपाको यसस्तरको विजयको बारेमा स्वयं दल पनि आशातीत थियो जस्तो लाग्दैन । निर्वाचनको अन्तिम परिणमपछि दलहरू, तिनका विभिन्न समिति तथा नेताकार्यकर्तामा एक किसिमको छट्पटाहट देखिन थालेको छ । निर्वाचनको अप्रत्याशित नतिजा र जनताले देखाएको अचम्मको राजनीतिक व्यवहारको स्वरूप हो । विगत ३५ वर्षको नेपालको प्रजातान्त्रिक शासनमा राजनीतिको नाममा भएको अति दलीयकरण पहिलो कारण हुनपुग्यो । सामुदायिक विद्यालयको व्यवस्थापन समितिदेखि वन उपभोक्ता समिति, टोल सुधार, आमा समूहसमेत राजनीतिको शिकार हुन पुगे । अदालतको आँखा नपुग्ने, मिल्नसक्ने पद कहीं कतै कुनै पनि दलले सकेको ठाउँमा बाँकी राखेनन् । स्वयं अदालती नियुक्ति दलहरूको भागबण्डामा परेकाले न्याय पनि हात्तीको देखाउने दाँत जस्तोमात्र भएको थियो । आमसर्वसाधारणले नजिकबाट नियालेर हेरेर बसेका थिए । दलहरूले जनतालाई सधैं यो वा त्यो निहुँमा राजनीतिको चास्नी चाट्न लगाएर मस्ती आफू गरिरहे, दोष भने एकले अर्कोलाई लाएर बसे तर वास्तविकता फरक थियो । विगत लामो समयदेखि सिंहदरबार निश्चित व्यक्ति, समूहका लागि मात्र सहज थियो । चिनिएका केही नचिनिएका आन्तरिक तथा बाह्य व्यवसायी, राजनीतिज्ञ, कर्मचारीहरूको नाजायज साँठगाँठले समग्र राज्यसंयन्त्र नै तहसनहस भएको थियो । यसैबीच एकाएक नेपाली राजनीतिमा सञ्चारकर्मी हुँदै भित्रिएका रवि लामिछानेले नेतृत्व गरेको रास्वपाले स्थापना गरेको छोटो समयमै भएको २०७९ को निर्वाचनमा २० स्थान हासिल गर्न सफल भएको थियो तर यसलाई समेत नजरअन्दाज गरियो । मूल धारका राजनीतिक दलहरूले सदासर्वदा राजनीति, शक्ति, राज्य र सत्ता हाम्रोमात्र हो भनेझैं गरी व्यवहार गरिरहे । यसले नेपाली समाजको भित्री पक्ष अस्तव्यस्त भएको थियो । समाजको तल्लो तहको घरपरिवारको सदस्य विदेश नगएको कोही बाँकी थिएन । समाजमा युवाहरूको उपस्थिति टिठलाग्दो छ । रोजगारीको अभावमा, भारतीय बजारमा सस्तो श्रम बेच्नुपर्ने, बाध्यतावस अध्ययन वा अन्य बाहनाले विदेशतिरको यात्रा लगभग अनिवार्य जस्तो भइसकेको थियो । नेपाल जस्तो मुलुकको हकमा वैदेशिक रोजगारको बाध्यतालाई पनि स्वीकार गरिन्छ तर निश्चित समयपछि कम हुनुपर्नेमा बिस्तार हुँदैगएको छ । यसले आमसर्वसाधारणमा नैरास्य जगाएको थियो । जनताको हकमा नेपालमै बसेर केही गर्न नसकिने हो त भन्ने भयो । अनि उनीहरूले एकपटकका लागि भए पनि नयाँलाई छनौट गरेका हुन् । आर्थिक तथा व्यावसायिक पक्ष सधैं ओझेलमा परिरहे । यो बेवास्ताका कारण नभएर दलबीचमा समन्वय तथा विश्वासको कमीले हो । माओवादीहरूको राजनीतिमा पदार्पणपछि संसद्मा कम्युनिष्ट दर्शनका दलहरूको जबरजस्त भयो । यो प्रभाव प्रदेश तथा स्थानीय तहमा पनि देखिएको थियो ।

आठौं योजनादेखि मुलुक खुला बजार अर्थनीतिबाट निर्देशित भएको थियो । सरकारी प्रयासको साथमा निजी लगानी उत्पादन बजारीकरण नाफाको सञ्चिति, बढोत्तरीलगायत पुनः लगानीका लागि आवश्यक नीतिगत काम गर्नेमा नेपाली कांग्रेसलगायत खुला बजार अर्थनीतिका समर्थकको प्रयास पर्याप्त नभएकै हो । यसले आशातीत व्यावसायिक लगानीको निश्चितता प्रदान गर्न सकेन । विकासका ठूला रणनीतिक महत्वका परियोजनाको थालनी त भयो तर धेरै समय लगाइयो कि सदासर्वदा लागत बढेर प्रतिफलको अर्थ कम भएर गयो । एकातिर ऋणमा भएका परियोजनामा सही समयमा काम फत्ते गर्न नसक्दा स्रोतको साथमा हौसलाको विनाश भएको देखियो । यस किसिमका गतिविधिबाट मतदाता वाक्कदिक्क भइसकेका थिए । गणतान्त्रिक अन्तरिम संविधानको कार्यान्वयनपछि आर्थिक तथा व्यावसायिक गतिविधिमा विस्तार हुने विश्वास थियो । २०६४ सालको पहिलो संविधानसभाको निर्वाचनमा तत्कालीन माओवादीले अत्याधिक मत ल्याउन सफल भएको थियो । आमजनताको विश्वास भनेको रोजगारीलगायत सामाजिक, आर्थिक रूपमा नेपाली समाजको रूपान्तरण, असमानतामा क्रमिक रूपामा कमी ल्याउन संघर्षबाट आएको दलले काम गर्ला भन्ने विश्वास थियो तर माओवादीहरू कुहिरोको कागजस्तो संसदीय राजनीतिको सत्ताको स्वादमा चास्नीको झिँगो जस्तो देखियो । आर्थिक क्षेत्रको विस्तारले जनताको दैनिकीमा सुधार, राज्यको ढुकुटी दुवै मजबुत हुनेमा राजनीतिक दल तथा सर्वसाधारण आशावादी भएका थिए । राजनीतिक गतिविधिले जनताहरूको सोचनुरूप काम हुनसकेन । यसले आममानिसमा फ्रष्टेसनको मात्रा बढेर गयो । साथै राजनीतिमा नयाँपनको खोजी भित्रभित्रै बढेर गएको थियो । अझ २०७४ मा नेपालका प्रमुख कम्युनिष्ट दलहरूको बीचमा भएको एकताले संसद्मा निर्वाचित भएर जानेहरूको संख्यामा वामपन्थीहरूको उपस्थिति लगभग सत्तरी प्रतिशत भएको थियो । तर, सोही समयमा वर्षौंदेखि नेपाली राजनीतिमा अति बिकेको समाजवाद र गरिबीका बारेमा ओलीको सरकारले परम्परावादी सोचभन्दा माथि गएर काम गर्न सकेन । जीवनभर समाजवादको विषयले सत्तामा जाने तर तिनै सिमान्तीकृत तथा भुँईमान्छेहरूको सामाजिक गतिशीलताको बारेमा नीतिगत तहमा काम गर्न नसक्दाको नतिजा यसपालिको निर्वाचनको परिणाम हो । आर्थिक तथा व्यावसायिकतामा विस्तारका लागि आशातीत वृद्धि हो । माओवादीहरूले शान्तिपूर्ण राजनीतिमा पदार्पण गरेका दिनबाट निजी लगानीको विस्तार, रोजगार सिर्जना, आयआर्जका काममा व्यावसायीले विश्वस्त भएर काम गर्न नसकेकै हो । २०४९ देखि २०५१ सम्मको आर्थिक तथा राजनीतिक आडमा आज पनि नेपालको व्यावसायिक जगत अडेर बसेको छ । तत्पश्चात नेपाली कांग्रेस आफ्नै आन्तरिक गुटगत तिक्डमले आजको अवस्थामा आइपुगेको छ । ओलीको अति विश्वास र मपाईंपनको घमण्डले सारा एमाले दल नमिठोसँग दलदलमा भासिएको जस्तो भएर गयो । माओवादी नामको अस्तित्व जोगाउन नसकेर धेरैवटा कम्युनिष्ट दलको साँठगाँठमा रमाइरहेको छ । नेपाल किसान मजदुर पार्टी भक्तपुरभन्दा बाहिर जान नसक्दा जनता विकल्प रोज्न बाध्य भए । २०४६ सालदेखि बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा धेरैपटक भोगेका, हेरेका, देखेका, जानेका, बुझेका वा टेष्टेड दलभन्दा स्वाभाविक रूपमै नयाँप्रतिको मोह हुनेभयो । निर्वाचनपश्चात विभिन्न कोणबाट विभिन्न विचार आए तापनि वास्तविकता भनेको यसपालि अधिकांश मतदाताले एकपटकका लागि रास्वपालाई मौका दिएकै छन् । विगत पैंतीस वर्षमा कांग्रेस, एमाले, माओवादी ल्यागत अन्य दलले गरेका राम्रा कामहरूको संरक्षणको साथमा नराम्रा कामको किलोजरो उखेल्ने काममा यदि रास्वपा सफल भएमा आगामी निर्वाचनमा पनि सत्ताको यात्रा निकै सहज रूपमा अघि जानसक्छ । तर, सोही बाटो कष्टकर हुने सम्भावना उत्तिकै रहेको निर्वाचले प्रष्ट पारिसकेको छ । सत्ताबाहिर बसेर जति सजिलै कुरा गर्न सकिन्छ, खासमा त्यसको स्वाद सत्तामा बसेपछिमात्र थाहा हुनेभएकाले रास्वपा यस मानेमा सजग हुनैपर्छ । नेपालको संवेदनशील भूधरातलीय अवस्थिति र हाल विश्वमा देखापरेको असमान्य अवस्थामा जनतासामु गरिएका १०० बुँदे रोडम्यापको ख्याल राख्दै अघि जानुछ । एक पाइलाबाट अनन्त यात्राको थालनी हुन्छ । सबैको शुभेच्छासहित मुलुक र वर्तमान विधिको संरक्षणको साथमा विकास निर्माणले साथ दिएकाखण्डमा मुलुकले काँचुली फेर्न धेरै समय भने लाग्दैन ।

*-इहिमालय टाइम्स डटमक*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टेइन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा सफलता मिल्नेछ। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस् | **तुला** : उत्साह जाग्नेछ। धैर्य र पराक्रमले अधिकार स्थापित गर्न सकिनेछ। |
| **वृष** : कलाको क्षेत्रमा सफलता मिल्नेछ। सफलताले थप हौसला जगाउने छ। | **वृश्चिक** : ज्ञानलाई निखार्ने समय रहेको छ। सवारी साधन चलाउँदा सचेत रहनुहोस्। |
| **मिथुन** : नयाँ योजनाहरू बन्नेछन्। नयाँ अवसरका लागि केही दौडधुप गर्नुपर्ला। | **धनु** : दाम्पत्य जीवनमा केही असमझदारी बढ्नेछ। भाग्यको साथ मिल्नेछ। |
| **कर्कट** : आकस्मिक खर्च देखा पर्न सक्छ। केही प्राप्त गर्नलाई केही त्याग पनि गर्नु पर्ला। | **मकर** : भौतिक संसाधन जुटाउन सकिनेछ। प्रतिस्पर्धाको दौडमा विजयी भइनेछ। |
| **सिंह** : समस्याहरूको समाधान गर्न सकिनेछ साथै सहयोगीहरूले सहयोग दिनेछन्। | **कुम्भ** : काम दोहोराएर गर्दा राम्रो उपलब्धि प्राप्त हुनेछ। आर्थिक पक्ष सबल रहनेछ। |
| **कन्या** : विशिष्ट व्यक्तिको सहयोगले महत्त्वकांक्षी काम बन्न सक्छ। | **मीन** : स्वास्थ्यमा कमजोरीको अनुभूति हुनेछ। आत्मसमीक्षा गर्नु हितकर हुनेछ। |

# जलवायु परिवर्तनका कारण मौसमजन्य घटना बढ्दै



**काठमाडौं,** चैत ९/ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा हेर्ने ) चिरञ्जीवी चटौतले जलवायु परिवर्तनका कारण बाढी, पहिरोलगायत चरम मौसमजन्य घटनाहरू बढ्दै जाँदा भविष्य नै जोखिममा परेको बताएका छन् ।

विश्व मौसम दिवस २०२६ का अवसरमा आयोजित कार्यक्रममा सचिव चटौतले जलवायु परिवर्तनका असरसँग जुध्न जल तथा मौसमजन्य घटनाका पूर्वसूचना प्रविधि र जलवायुमैत्री पूर्वाधार विकास आवश्यक रहेको बताए । उहाँले वैज्ञानिक तथ्याङ्कलाई प्रभावकारी रूपमा पूर्वसूचनामा रूपान्तरण गर्न सके मौसमजन्य घटनाबाट नागरिकको ज्यान जोगाउन सकिने धारणा व्यक्त गरे । "वैज्ञानिक तथ्याङ्कलाई समयमा नै पूर्वसूचनामा बदलेर जोखिम कम गर्न सकिन्छ । बाढी पहिरो, हिमताल विस्फोटबाट हुन सक्ने सम्भावित धनजनको क्षति कम गर्न सकिन्छ," उनले भने । जल तथा मौसम सेवाहरूलाई आधुनिक, विश्वसनीय र प्रभावकारी बनाउन बहुपक्षीय सहकार्य अपरिहार्य रहेको सचिव चटौतले औंल्याए । साथै, सरकार, प्राविधिक निकाय र सरोकारवालाबीच समन्वय बलियो बनाउनुपर्ने आवश्यकता रहेको उनको भनाइ छ । जलवायुजन्य जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली सुदृढीकरण, प्रविधिको प्रयोग विस्तार तथा संस्थागत सहकार्यलाई प्राथमिकता दिनुपर्नेमा उनले जोड दिए । जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् राजु धर प्रधाना र वरिष्ठ जलविद् राम विकेशले संयुक्त रूपमा कार्यपत्र प्रस्तुत गर्दै अवलोकनदेखि सेवासम्मको मौसम प्रणालीको विकासक्रम, प्रविधिको प्रयोग तथा भविष्यका योजनाबारे जानकारी गराउनुभयो । उहाँहरुले पछिल्लो समय मौसमजन्य पूर्वसूचनाको अवलोकनदेखि सेवासम्म मौसम पूर्वानुमान प्रणाली सुदृढ हुँदै गएको बताए । अवलोकन, विश्लेषण, पूर्वानुमान र सेवामार्फत विपद् न्यूनीकरणमा प्रभावकारी योगदान पुऱ्याइरहेको उहाँहरुको भनाइ छ । विश्व मौसम दिवस २०२६ को सन्दर्भमा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्रमा मौसमसम्बन्धी सही अवलोकन बिना प्रभावकारी पूर्वानुमान सम्भव नहुने उल्लेख छ । वरिष्ठ मौसमविद् प्रधानाङ्गले मौसमले उडडयन, कृषि, स्वास्थ्य, दैनिक जनजीवन तथा विपद् व्यवस्थापनलगायत क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले विश्वसनीय तथ्याङ्क सङ्कलन आवश्यक रहेको औंल्याउनुभयो । उनका अनुसार देशभरका स्वचालित र 'म्यानुअल' मौसम स्टेसन, राडार, उपग्रह तथा रेडियोसन्डे प्रणालीमार्फत वास्तविक समयमै तथ्याङ्क सङ्कलन गरिँदै आएको छ । सङ्कलित तथ्याङ्कलाई गुणस्तर परीक्षण तथा विश्लेषण गरी पूर्वानुमान तयार पारिने गरिएको छ । विभागका अनुसार पछिल्ला वर्षमा प्रविधिको प्रयोग उल्लेखनीय रूपमा बढाइएको र स्वचालित मौसम स्टेसन, उन्नत उपग्रह, राडार प्रणाली तथा उच्च क्षमतायुक्त कम्प्युटर प्रणालीमार्फत पूर्वानुमानको शुद्धता सुधार गरिएको छ ।

सन् २०२१ देखि सुरु गरिएको प्रभावमा आधारित पूर्वानुमान प्रणालीले विशेषगरी मनसुनको समयमा जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रवाहलाई प्रभावकारी बनाएको विभागले जनाएको छ । भविष्यमा पाँचदेखि सात दिनसम्मको पूर्वानुमान सेवा, निर्णय सहयोग प्रणाली, कृत्रिम बुद्धिमत्ता आधारित विश्लेषण तथा मोबाइल एपमार्फत सेवा विस्तार गर्ने योजना रहेको पनि कार्यक्रममा जानकारी दिइएको छ । जलविद् रायले बाढीसम्बन्धी पूर्वसूचनाका कारण सम्भावित जोखिम न्यूनीकरण भएको र धनजनको क्षतिसमेत कम भएको भन्दै पूर्वसूचना प्रणालीमा लगानी बढाउन आवश्यक रहेकामा जोड दिए ।

## खेलकुद समाचार


# सुदूरपश्चिमले कर्णालीलाई हरायो



**काठमाडौं,** चैत ९/प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेशले कर्णाली प्रदेशलाई हराएको छ । सोमबार भएको खेलमा सुदूरपश्चिमले कर्णालीलाई ४ विकेटले हराएको हो । कर्णालीले दिएको १ सय २० रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमले २९ ओभर २ बलमा ६ विकेट गुमाएर भेटायो । सुदूरपश्चिमका बिपिन रावलले ३३ रन बनाए । कर्णालीका अनुज चनारा र दिवन पुनले समान २ विकेट लिए । त्यसअघि वीरगञ्चमा टस हारेर ब्याटिङ गरेको कर्णाली ३२ ओभरमा १ सय १९ रनमा अलआउट भयो । कर्णालीका किरण थगुन्नाले सबैभन्दा धेरै २६ रन बनाए । सदूरपश्चिमका हेमन्त धामीले ६ विकेट लिए । यस्तै प्रतियोगिताअन्तर्गत अर्को खेलमा अहिले लुम्बिनी प्रदेश र कोशी प्रदेश खेलिरहेका छन् । जनकपुरधाममा भइरहेको खेलमा कोशीले लुम्बिनीले दिएको २ सय ५० रनको लक्ष्य पछ्याइरहेको छ । नेपाल क्रिकेट सै (क्यान) को आयोजनामा भएको प्रतियोगितामा ७ वटा प्रदेश र ३ वटा विभागीय टोलीको सहभागिता छ । खेलहरू काठमाण्डौको मूलपानी मैदान तथा मधेश प्रदेशको वीरगञ्ज र जनकपुरमा हुनेछन् । प्रतियोगिताको उपाधि विजेताले १० लाख तथा उपविजेताले ५ लाख रुपैयाँ पुरस्कार पाउने छन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से सामान्य अङ्कले बढ्यो



**पाल्पा,** चैत ९/यो साता कारोबारको पहिलो दिन उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार दोस्रो दिन सामान्य अङ्कले बढेको छ । सोमबार नेप्से परिसूचक पाँच दशमलव ०१ अङ्कले बढेर दुई हजार ९३६ दशमलव ५६ को विन्दुमा कायम भएको हो ।

सोमबार ३४२ कम्पनीको तीन करोड ८० लाख ७३ हजार ९४५ कित्ता शेयर एक लाख ५६ हजार ३८१ पटक खरिदबिक्री हुँदा रु १५ अर्ब ७८ करोड ६३ लाख १३ हजार ४४० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । सोमबारको कारोबारमा बैङ्किङ शून्य दशमलव २७, विकास बैङ्क शून्य दशमलव ५०, होटल तथा पर्यटन शून्य दशमलव ८६, जीवन बिमा शून्य दशमलव ४८, निर्जीवन बिमा शून्य दशमलव ०४ र अन्य समूह शून्य दशमलव ५९ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ । वित्त शून्य दशमलव २०, जलविद्युत् शून्य दशमलव ९६, लगानी शून्य दशमलव ७२, उत्पादन तथा प्रशोधन एक दशमलव ५३, लघुवित्त शून्य दशमलव ४३, म्युचुअल फन्ड शून्य दशमलव ८८ र अन्य समूह शून्य दशमलव ०१ प्रतिशतले बढेको छ । सोमबार सलपा विकास बैङ्क लिमिटेड, रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, सोलु हाइड्रोपावर लिमिटेड र भुजुङ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने सनराइज फस्ट म्युचुअल फन्डको शेयर मूल्य तीन दशमलव ७१ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सोमबार कुमारी बैङ्क लिमिटेडको सबैभन्दा धेरै रु ६७ करोड २३ लाख ७८ हजार १५६ बराबरको २७ लाख ६८ हजार १०९ कित्ता शेयर खरिद-बिक्री भएको नेप्सेले जनाएको छ ।

# नयाँ संसद् भवनमा...

...हलभित्रको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भइसकेको छ भने केही प्राविधिक काम अन्तिम चरणमा पुगेको छ । सुरक्षालगायत विभिन्न पाटोबाट व्यवस्थापनको काम भइरहेको प्रवक्ता गिरिले स्पष्ट पारे । सरकारको सिफारिसमा राष्ट्रपतिबाट संसद् अधिवेशन आह्वान हुने संवैधानिक व्यवस्था छ । अधिवेशन आह्वानपछि संसद् बैठकको तयारीमा लाग्ने सचिवालयले जनाएको छ । निर्वाचनपछि संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दल र सांसद सङ्ख्या फेरबदल भएसँगै सचिवालयले संसदीय दलको कार्यालय पनि सोहीअनुसार व्यवस्थापन गरिएको जनाएको छ । "सचिवालयभित्रै भएका संसदीय दलका कार्यालयलाई पार्टीको 'स्ट्रेन्थ' अनुसार व्यवस्थापन गरिएको छ", प्रवक्ता गिरीले भने । गत फागुन २१ गते सम्पन्न निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका १८२, नेपाली कांग्रेसका ३८, नेपाली कम्युनिष्ट पार्टी (एमाले)का २५, नेपाली कम्युनिष्ट पार्टीका १७, श्रम संस्कृति पार्टीका ७ र राष्ट्रिय प्रजातन्त्र पार्टीका पाँच तथा स्वतन्त्र सांसद एक जना निर्वाचित भएका छन् । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)लाई साबिककै संसदीय दलको कार्यालयमा व्यवस्थापन गरिएको छ । नेपाली कम्युनिष्ट पार्टीले प्रयोग गर्दै आएको सचिवालयको भवन नं २ अन्तर्गत साबिकको कार्यालय राष्ट्रिय स्वतन्त्र पार्टीका लागि व्यवस्था गरिएको छ । यसअघि रास्वपाले प्रयोग गर्दै आएको कार्यालय भवनलाई नेकपा, श्रम संस्कृति र राष्ट्रिय प्रजातन्त्र पार्टीको संसदीय दलको कार्यालयका रुपमा व्यस्थापन गरिएको छ । "त्यो अल्पकालीन व्यवस्था हो, निर्माणाधीन संसद् भवन सम्पन्न भएपछि सोही भवनभित्रै दलको कार्यालयहरु रहनेछन्," प्रवक्ता गिरिले भने । नयाँ संसद् भवनमा सबै सांसदलाई बेग्लाबेग्लै 'चेम्बर'को समेत व्यवस्था गरिएको छ ।

# राम्दीस्थित वृद्धाआश्रममा...

...आश्रमका व्यबस्थापक सुनिल श्रेष्ठले वालिङ दश भकुण्डेको नाममा खोलिएको शिव पार्वती वृद्धाश्रम तथा बहुउद्देश्य संस्थालाई राम्दिमा स्थापना गरी सञ्चालन गर्दै आएको र वृद्धाश्रम दाताहरूकै सहयोगबाट चलेको बताए । स्वास्थ्य शिविरमा डाक्टर रुबन राज जोशी,डा हिमाल घिमिरे, डा प्रकाश् न्यौपाने, डा नविनत यादव, प्रेसिडेन्ट इलेक्ट शिखा पहारी लगायतको टिम स्वास्थ्य परीक्षणमा खटिएका थिए । लुम्बिनी मेडिकल कलेजको प्राबिधिक सहयोगमा सम्पन्न उक्त कार्यक्रममा पास्ट प्रेसिडेन्ट निर्दोष खनाल, खडग बहादुर जिरेल, रमेश न्यौपाने, रोटरी फाउन्डेसन डाइरेक्टर क्लबका चियर गोविन्द गौतम, नरेश नेपाल ,लगायत रोटरी क्लब अफ लुम्बिनीका पदाधिकारीहरु एव रोटरीएनहरुको बाक्लो उपस्थिति रहेको थियो । रोटरी क्लब पाल्पा लुम्बिनीका अध्यक्ष लक्ष्मण कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सुनिल पोखरेलको स्वागत, सेक्रेटरी हरि अर्यालको सञ्चालनमा सम्पन्न भएको थियो । उक्त औपचारिक कार्यक्रम पश्चात् पिकनिक स्थलमा गइ मनोरञ्जनात्मक कार्यक्रम गरि सहभागीहरु बीच प्रतियोगितात्मक खेलमा पहिलो, दोस्रो र तेस्रो हुने जोडीहरुलाई पुरस्कार प्रदान गरिएको थियो ।


वर्गीकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गीकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

कर्मचारी आवश्यकता

कुटुम्ब बहुउदेश्यीय सहकारी संस्था लि. तानसेन-४, पाल्पा का लागी निम्न पदहरूमा योग्य, इमानदार तथा मेहनती नेपाली नागरिकहरूबाट आवेदन आह्वान गरिएको छ ।

आवश्यक पदहरू

**सहायक लेखापाल:** १ जना, **फिल्ड सहायक:** १ जना

**योग्यता तथा आवश्यकताहरू :** न्यूनतम शैक्षिक योग्यता: +२ उत्तीर्ण

कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान (MS Word, Excel आदि)

बाइक तथा स्कुटर चलाउन सक्नेलाई प्राथमिकता, सहकारी क्षेत्रमा अनुभव भएकोलाई प्राथमिकता

**पेश गर्नुपर्ने कागजातहरू:** निवेदन,बायोडाटा,शैक्षिक प्रमाणपत्रहरूको प्रतिलिपि, अनुभव भए सोको प्रतिलिपि, नागरिकताको प्रतिलिपि,पासपोर्ट साइज फोटो २ प्रति

**दरखास्त शुल्क:** रु. ३००/-मात्र

**तलब सुविधा:** संस्थाको नियम अनुसार

**आवेदन दिने अन्तिम मिति:** २०८२/१२/१६

**आवेदन दिने स्थान:** कुटुम्ब बहुउदेश्यीय सहकारी संस्था लि. तानसेन-४, पाल्पा

**सम्पर्क नं.:** ०७५-५९०९३३, ९८५७०८९१०३

*(नोट: छोटो सूचीमा परेका उम्मेदवारलाई मात्र अन्तर्वार्ताका लागि बोलाइनेछ।)*

कुटुम्ब बहुउदेश्यीय सहकारी संस्था लि.
तानसेन-४, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई